# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### सवारी साधन खरिद गर्ने बारेको
### सिलबन्दी बोलपत्र आह्वानको सूचना
(दोश्रो पटक प्रकाशित मिति : २०७३।०७।०४)

यस बैंकको लागि बैंकले तोकेको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारका सवारी साधनहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयभित्र फर्म/संस्था/कम्पनीको तर्फबाट लिखित निवेदन पेश गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार र राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथलीबाट तपशिल बमोजिमको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

| बोलपत्र नं | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र दाखिल गर्ने माध्यम |
|---|---|---|---|---|---|
| सासेवी/आ.प्र./१/०७३/०७४ | एस.यु.भि.१५५० देखि २००० सिसि | २ (दुइ) | १०,०००।- (दश हजार मात्र) | ३,९०,०००।०० | सिलबन्दी दर्ता |

२ बोलपत्र फाराम साथ माथि उल्लेखित बोलपत्र जमानत रकम यस बैंकको बैंकिङ्ग कार्यालय थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० (एकसय बिस) दिन मान्य अवधि (भ्यालिडिटि पिरियड) रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

३ बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फारम बुझाउंदा सिलबन्दी खामको बाहिर नेपाल राष्ट्र बैंक, सामान्य सेवा बिभाग बालुवाटार काठमाडौंलाई सम्बोधन गरी बोलपत्र नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

४ दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन दिउंसो १:०० बजे सामान्य सेवा विभाग बालुवाटारमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५ ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ : (क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.ब.२०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्र वा २०७२/७३ को कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) बोलपत्रदाता फर्म/संस्था/कम्पनीको Power of Attorney Letter (च) Manufacturer Authorization Letter ।

६ बोलपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

७ यसै सूचनाको दफा ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको बोलपत्र कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८ बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा हेर्न सकिनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको सयमभित्र यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

**सामान्य सेवा विभाग**